# चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

०८८-४०११४६,९८५७८२६१११
ito.chaurjaharimun@gmail.com


प.सं.: ०८०/०८१
च.नं.: २०४

मिति: २०८०/१०/१२

**विषय: महिला उद्यमी तथा महिला उद्यमी समूहलाई प्रविधि सहयोग उपलब्ध गराउने सम्बन्धमा।**

श्री वडा कार्यालय सवै,
चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)।

उपर्युक्त विषयमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौंको मिति २०८० माघ ११ गते बिहीबार **"महिला उद्यमी तथा महिला उद्यमी समूहलाई प्रविधि सहयोग उपलब्ध गराउने"** सम्बन्धी प्रकाशित सूचना यसैसाथ संलग्न गरिएको छ। थप व्यहोरा सोही सूचनाअनुसार गर्नु गराउनुहुन अनुरोध छ।

.................................
गणेश बुढामगर
नि. प्रमुख प्रशासकीय अधिकृत

गणेश बुढामगर
अधिकृत छैठौं

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं

## महिला उद्यमी तथा महिला उद्यमी समूहलाई प्रविधि सहयोग उपलब्ध गराउने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति : २०८० माघ ११ गते बिहीबार)**

यस मन्त्रालयको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रपति महिला सशक्तीकरण परियोजना अन्तर्गत प्रत्येक प्रदेशबाट एक महिला उद्यमी समूह र बीस जना महिला उद्यमीहरुलाई प्रविधि सहयोग उपलब्ध गराउने कार्यक्रम रहेको छ। **महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,** २०७७ को दफा ४ बमोजिम इच्छुक महिला उद्यमी र महिला उद्यमीहरुको समूहले यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र प्रविधि सहयोगका लागि सम्बन्धित स्थानीय तहमा देहायका कागजात सहित निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

**देहाय :**

**महिला उद्यमी र महिला उद्यमी समूहले निवेदन साथ पेस गर्नुपर्ने कागजातहरू :**

(क) उद्योग/व्यवसाय दर्ता वा नवीकरणको प्रमाणपत्र,

(ख) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र,

(ग) कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्र,

(घ) आवश्यकता अनुसार व्यवसायिक इजाजत-पत्र,

(ङ) व्यावसायिक योजना,

(च) माग गरेको प्रविधि र सो प्रविधिको क्षमता।

सम्बन्धित स्थानीय तहले प्रविधि सहयोग माग गरी दिएका निवेदनहरू साथ संलग्न कागजातहरूको आधारमा कार्यविधिको दफा ७ बमोजिम एक जना महिला उद्यमी र एक महिला उद्यमी समूह छनोट गरी निवेदन दिने समय (म्याद) समाप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित प्रदेशको महिला सम्बन्धी विषय हेर्ने मन्त्रालयहरूमा सिफारिस गरी पठाउनहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै, महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ मन्त्रालयको **वेबसाइट : www.mowcsc.gov.np** मा हेर्न सकिने व्यहोरा समेत अनुरोध छ।

**नोट :** ७५३ वटै स्थानीय तह र सातै प्रदेशको उल्लिखित मन्त्रालयले यसै सूचनालाई आधार मानी **महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,** २०७७ बमोजिम कार्य सञ्चालन गर्न गराउनुहुन महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अनुरोध गर्दछ।

**स्थानीय तहमा निवेदन दिने समय (म्याद) समाप्त हुने मिति :** २०८० साल माघ २५ गते, बिहीबार कार्यालय समयभित्र।